# सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८

नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहायका निर्देशिकाहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८" रहेको छ ।

(२) यो निर्देशिका मिति २०६८ साल कार्तिक १८ गते देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :–

(क) "सूर्तिजन्य पदार्थ" भन्नाले ऐनको दफा २ (क) मा उल्लेख भए बमोजिमको सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

(ख) "उत्पादक" भन्नाले ऐनको दफा (२) को खण्ड (च) मा उल्लेख भए अनुसारको उत्पादकलाई सम्झनु पर्छ र सो शब्दले उत्पादक संघलाई समेत जनाउनेछ ।

(ग) "लेबल" भन्नाले सूर्तिजन्य पदार्थको प्याकेटमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ ।

३. **चेतावनीमूलक सन्देश र चित्र छाप्नु तथा अकिंत गर्नुपर्ने:** उत्पादकले सूर्तिजन्य पदार्थको प्रत्येक बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको कूल बाहिरी भागमध्ये कम्तिमा पचहत्तर प्रतिशत मुख्य माथिल्लो भागमा देहाय बमोजिमको चेतावनीमूलक सन्देश र चित्र देहाय बमेजिमको अक्षर, आकार, स्थान, रंग, ढांचा र गुणस्तरमा छाप्नु तथा अकिंत गर्नु पर्नेछ :-

**(१) चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश र चित्र**

(क) छापिने सन्देशः चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-front & back) मा "धुम्रपान तथा सूर्तिसेवनले फोक्सोको क्यान्सर हुन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ख) सन्देश लेखिने अक्षरको नामः देवनागरी प्रिति फन्ट हुनेछ ।


(ग) सन्देश लेखिने अक्षरको आकारः अगाडि र पछाडिको मुख्य माथिल्लो भागमा २० पोईन्ट आकारमा र अन्य सहायक भागमा १२ पोईन्ट आकारमा हुनेछ ।

(घ) सन्देश लेखिने अक्षरको रंगः सेतो हुनेछ ।

(ङ) सन्देश लेखिने पृष्ठभुमिको रंगः रातो पृष्ठभूमि हुनेछ ।

(च) रंगकोमात्रा (प्रतिशतमा): अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।

(छ) चित्रः चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको अगाडि र पछाडिको पचहत्तर प्रतिशत माथिल्लो मुख्य भागमा देहाय बमोजिम फोक्सोको क्यान्सर भएको चेतावनीमूलक चित्र छाप्नुपर्नेछ ।





(ज) चित्रको गुणस्तरः उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

# २० खिल्ली भएको चुरोटको बट्टा, प्याकेट र न्यापर्समा छापिने सन्देश र चित्रको डिजाइन

## चुरोटको बट्टा, प्याकेट र न्यापर्समा छापिने सन्देश र चित्र (२० खिल्ली)

Cigarette Box Design




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# १० खिल्ली भएको चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्समा छापिने सन्देश र चित्रको डिजाइन

चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्समा छापिने सन्देश र चित्र (१० खिल्ली)




| | |
|---|---|
| **Colour Percentage** | **Font** |
| **Text Color**<br>C=0%, M=0%, Y=0%, K=0% | **Principle area -front & back:** Preeti font, Size 14pt.<br>**Side pack-upper part:** Preeti font, Size 12pt.<br>**Side pack-left & right:** Preeti font, Size 12pt. |
| **Background Color**<br>C=15%, M=100%, Y=100%, K=0% | **Picture Color** C M Y CM MY CY CMY K |

(२) **बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश र चित्र**

(क) आयातकार (rectangle) आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देशः बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-front & back) मा "तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कम तौल भएको, अपांग वा मरेको बच्चा जन्मन सक्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरका कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ख) सोली आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देशः सोली आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-upper front & back) मा "तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन सक्छ" भन्ने चेतावनीमूलक सन्देश, तल्लो भाग (principle area-lower front & back) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ग) सन्देश लेखिने अक्षरको नामः देवनागरी प्रिति फन्ट हुनेछ ।

(घ) सन्देश लेखिने अक्षरको आकारः अगाडि र पछाडिको मुख्य माथिल्लो भागमा १४ पोईन्ट आकारमा र अन्य सहायक भागमा १२ पोईन्ट आकारमा हुनेछ ।

(ङ) सन्देश लेखिने अक्षरको रंगः सेतो हुनेछ ।

(च) सन्देश लेखिने पृष्ठभुमिको रंगः रातो पृष्ठभूमि हुनेछ ।

(छ) रंगकोमात्रा (प्रतिशतमा): अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।


(ज) चित्रः बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको अगाडि र पछाडिको पचहत्तर प्रतिशत माथिल्लो मुख्य भागमा देहाय बमोजिम मरेको बच्चा भएको चेतावनीमूलक चित्र छाप्नुपर्नेछ ।



(झ) चित्रको गुणस्तरः उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

# आयातकार बिडीको बट्टा, प्याकेट र न्यापर्समा छापिने सन्देश र चित्रको डिजाइन

## आयातकार बिडीको बट्टा, प्याकेट र न्यापर्समा छापिने सन्देश र चित्र







**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%


**Font**


**Principle area -front & back:** Preeti font, Size 14pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# सोली आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश र चित्रको डिजाइन

## सोली आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश र चित्र




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area, upper -front & back:**: Preeti font, Size 14pt.
**Principle area, lower -front & back:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

**(३) खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्समा छापिने सन्देश चित्र**

(क) छापिने सन्देशः खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-upper front & back) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, सूर्तिजन्य पदार्थ सेवनले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश र अगाडि र पछाडिको चेतावनीमूलक चित्रको मुख्य तल्लो भाग (principle area-lower front & back) मा "सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ख) गोलाकार खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टामा छापिने सन्देशः गोलाकार खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टाको बिर्कोको मुख्य माथिल्लो बाहिरी भाग (principle area-upper front & back) मा "सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश, बट्टाको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-upper front & back) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, सूर्तिजन्य पदार्थ सेवनले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश र बट्टाको अगाडि र पछाडिको चेतावनीमूलक चित्रको मुख्य तल्लो भाग (principle area-lower front & back) मा "सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ग) सन्देश लेखिने अक्षरको नामः देवनागरी प्रिति फन्ट हुनेछ ।

(घ) सन्देश लेखिने अक्षरको आकारः अगाडि र पछाडिको मुख्य माथिल्लो भागमा १८ पोईन्ट अगाडि र पछाडिको तल्लो भागमा १२ पोईन्ट आकारमा हुनेछ ।

(ङ) सन्देश लेखिने अक्षरको रंगः सेतो हुनेछ ।

(च) सन्देश लेखिने पृष्ठभुमिको रंगः रातो पृष्ठभूमि हुनेछ ।

(छ) रंगकोमात्रा (प्रतिशतमा): अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।

(ज) चित्रः खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको अगाडि र पछाडिको पचहत्तर प्रतिशत माथिल्लो मुख्य भागमा देहाय बमोजिम मुख घांटीको क्यान्सर भएको चेतावनीमूलक चित्र छाप्नुपर्नेछ ।





(झ) चित्रको गुणस्तरः उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

## खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश र चित्रको डिजाइन

### खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा छापिने सन्देश चित्र

Surti or Khainni Package Design




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area, upper -front & back:**Preeti font, Size 18pt.
**Principle area, lower -front & back:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# गोलाकार खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टामा छापिने सन्देश र चित्रको डिजाइन

**गोलाकार खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्समा छापिने सन्देश चित्र**







**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area, upper -front & back:** Preeti font, Size 18pt.
**Principle area, lower -front & back:** Preeti font, Size 12pt.

**Circle Design:**
**Principle area, upper -front & back:** Preeti font, Size 17pt.
**Principle area, lower -front & back:** Preeti font, Size 9pt.

**Picture Color** C M Y CM MY CY CMY K

(४) **सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग, पेटी र पार्सलमा छापिने सन्देश र चित्र**

(क) छापिने सन्देशः सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग, पेटी र पार्सलको अगाडि र पछाडिको मुख्य माथिल्लो भाग (principle area-front & back) मा "धुम्रपान तथा सूर्तिसेवनले फोक्सोको क्यान्सर हुन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलकसन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलकसन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(ख) सन्देश लेखिने अक्षरको नामः देवनागरी प्रिति फन्ट हुनेछ ।

(ग) सन्देश लेखिने अक्षरको आकारः अगाडि र पछाडिको मुख्य माथिल्लो भागमा ४० पोईन्ट आकारमा र अन्य सहायक भागमा ३० पोईन्ट आकारमा हुनेछ ।

(घ) सन्देश लेखिने अक्षरको रंगः सेतो हुनेछ ।

(ङ) सन्देश लेखिने पृष्ठभुमिको रंगः रातो पृष्ठभूमि हुनेछ ।

(च) रंगकोमात्रा (प्रतिशतमा): अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।

(छ) चित्रः सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग, पेटी र पार्सलको मुख्य अगाडि र पछाडिको पचहत्तर प्रतिशत माथिल्लो भागमा देहाय बमोजिम फोक्सोको क्यान्सर भएको चेतावनीमूलक चित्र छाप्नुपर्नेछ ।



(ज) चित्रको गुणस्तरः उत्पादकलाई मन्त्रालयबाट सिडी (CD)मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

# सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग वा पेटी वा पार्सलमा छापिने सन्देश र चित्रको डिजाइन




**Colour Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

४. **फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानिने:** सोली आकारको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको हकमा ठूलो वा फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानि चेतावनीमूलक सन्देश र चित्रहरु छाप्नु तथा अकिंत गर्नु पर्नेछ ।

५. **सन्देशको भाषा:** सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देशको भाषा नेपाली हुनेछ ।

६. **सन्देश र चित्रको आकार बृद्धि हुने:** उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको आकारमा बृद्धि हुदा चेतावनीमूलक सन्देश र चित्रहरुको आकार पनि सूर्तिजन्य पदार्थहरुको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी र पार्सलको प्याकेजिङ्ग र लेबलिङ्ग बृद्धिको अनुपातमा बृद्धि गर्नु पर्नेछ ।

७. **सन्देश र चित्र स्पष्ट देखिने गरी प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्ने:** उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छपाई गर्नु पर्ने चेतावनीमूलक सन्देश र चित्रहरुको अपभ्रंस नहुने गरी, नबिग्रने र नछोपिने गरी सूर्तिजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्नेछ ।

८. **सूर्तिजन्य पदार्थको प्रबर्द्धन हुनेगरी प्याकेजिङ्ग वा लेबल गर्न नपाईने :** उत्पादक लगायत कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सूर्तिजन्य पदार्थको प्रवर्द्धन हुने गरी कुनै सन्देश, सामग्री, रंग, चित्र आदि राखेर प्याकेजिङ्ग वा लेबल गर्न पाईने छैन ।

९. **सूर्तिजन्य पदार्थको बारेमा असत्य कुराहरु राखी प्याकेजिङ्ग वा लेबल गर्न नपाईने :** उत्पादक लगायत कसैले पनि स्वास्थ्य वा स्वास्थ्य जोखिम वा सूतिजन्य पदार्थको बारेमा असत्य, भ्रामक वा कपटपूर्ण सन्देश फैलाउन सक्ने "हल्का, अति हल्का, मध्यम, कम टार, सुरक्षित, पातलो" जस्ता कुनै पनि शब्द वा यस्तै अर्थ लाग्ने चित्र वा चिन्ह कुनै पनि सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग वा लेबलमा राख्न पाईनेछैन ।

१०. **बिक्री, वितरण र खरिद गर्न नपाउने:** कसैले पनि ऐनको दफा ९ को उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश र चित्र नभएका सूर्तिजन्य पदार्थहरु मिति २०६८ साल कार्तिक १८ गते देखि उत्पादन, बिक्री, वितरण र खरिद गर्न पाउने छैन ।